फोन: ०५६-४१०१२२/४१०१११
इमेल: ichchhakamanaruralmun@gmail.com
वेबसाइट: ichchhakamanamun.gov.np

इच्छाकामना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०८०/८१

च.नं.

मितिः२०८१।०१।३०

## सूचना ! सूचना !! सूचना !!!

**विषय : सामाजिक सुरक्षा भत्ताका लागि Biometric Verification अनिवार्य हुने सम्बन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.न.३८५ मितिः२०८१।०१।२४ गतेको पत्रानुसार मिति :२०८१।०४।०१ गते देखि यस गाउँपालिका भित्र रहेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नविकरण र नयाँ निवेदन दर्ता गर्दा राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification अनिवार्य गरिने भएकाले सोको लागी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको राष्ट्रिय परिचयपत्र बनाउन बाँकी रहेको भए नजिकको Enrollment Station मा गई राष्ट्रिय परिचयपत्र बनाउनु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।साथै राष्ट्रिय परिचयपत्रको लागी Enrollment भएका तर राष्ट्रिय परिचयपत्र नम्बर (NIN) प्राप्त नभएका लाभग्राही भएमा https://citizenportal.donidcr.gov.np/Citizenportal/ लिङ्क मार्फत नम्बर प्राप्त गर्न सकिनेछ ।थप जानकारीको लागी यस गाउँपालिकाको पञ्जीकरण तथा सामाजिक सुरक्षा शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

.........................................
(चन्द्रकान्त बस्नेत)
(प्रमुख प्रशासकीय अधिकृत)

वोधार्थ

श्री वडा कार्यलय (१-७) वटै :- सम्पुर्ण लाभग्राहीहरुलाई जानकारी गराई Biometric Verification अनिवार्य गर्नुहुन ।

श्री सूचना तथा प्रविधि शाखा :- वेवसाइट तथा आधिकारिक सामाजिक सञ्जालमा Upload गरिदिनु हुन ।

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९९९९९

सिंहदरवार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०८०/८१
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ३८५

सामाजिक सुरक्षा शाखा

मिति : २०८१/०१/२४
ने.सं. ११४४ चौलागा १३

श्री स्थानीय तहहरु सबै (७५३),
श्री वडा कार्यालयहरु सबै (६७४३)।

**बिषय:- Biometric Verification अनिवार्य गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस विभागको मिति २०८१/०१/१७ को निर्णयानुसार संलग्न बमोजिमका स्थानीय तहमा चरणवद्ध रुपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नवीकरण तथा नयाँ निवेदन दर्ता गर्दा राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification अनिवार्य गरिने भएकोले सोको लागि आवश्यक पर्ने देहायका कार्यहरु गर्न गराउन आवश्यक व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

देहाय:

१.सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको राष्ट्रिय परिचय नम्बर प्राप्त गरी नसकेको भए नजिकको Enrollment Station मा गई Enrollment गर्न आवश्यक सहजिकरण तथा जानकारी गर्नु गराउनुहुन ।

२.राष्ट्रिय परिचय पत्र Enrollment भएका तर राष्ट्रिय परिचय नम्बर (NIN ) प्राप्त नभएका लाभग्राही भएमा सेवा इकाईवाट http://citizenportal.donidcr.gov.np/CitizenPortal/ लिङ्कमार्फत नम्बर प्राप्त गर्न सहजिकरण गर्ने व्यवस्था मिलाउनुहुन।

३.दोस्रो चरण मिति २०८१/१०/०१ गते देखि Biometric Verification अनिवार्य गरिएका स्थानीय तहले विभागले उपलब्ध गराउने नमूना Specification अनुसार Biometric Scanner Device व्यवस्थापन गर्नुहुन।

बोधार्थ:

श्री गृह मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।

श्री जिल्ला प्रशासन कार्यालय सबै – सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीलाई प्राथमिकतामा राखी **Enrollment** गर्ने व्यवस्था मिलाउनुहुन।

श्री इलाका प्रशासन कार्यालय सम्वन्धित सबै - सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीलाई प्राथमिकतामा राखी **Enrollment** गर्ने व्यवस्था मिलाउनुहुन।

इच्छाकामना गाउँपालिका
दर्ता: ३८६६
मिति: २०८१/१/३०

(जुना खड्का खत्री)
शाखा अधिकृत